जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष १० • अंक ३४४ • २०८० असोज १६ गते मंगलवार • 3 Oct. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## २०८० को एसईई चैतको पहिलो हप्तादेखि हुने



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १५ असोज**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा-१०) ले शैक्षिक सत्र २०८० को एसईई चैत पहिलो हप्तादेखि गर्ने निर्णय गरेको छ। कार्यालयले वार्षिक कार्यातालिका सार्वजनिक गर्दै कक्षा १० को माध्यामिक शिक्षा परीक्षा चैत पहिलो हप्तादेखि वार्षिक परीक्षा सञ्चालन गर्ने र २०८१ असार दोस्रो हप्ता नतिजा सार्वजनिक गर्ने जनाएको छ। कार्यालयले प्रकाशन गरेको कार्यतालिका अनुसार माघ पहिलो हप्ता परीक्षाको समय तालिका प्रकाशन गर्ने, कातिक मसान्तसम्म कक्षा ९ को रजिष्ट्रेशन र कक्षा १० को परीक्षा आवेदन फाराम छपाई र वितरण गर्ने, मंसिर मसान्तसम्म कक्षा ९ को रजिष्ट्रेसन र कक्षा १० को परीक्षा आवेदन फाराम भराउने, कातिक मसान्तसम्म २०७९ को रजिष्ट्रेसन फाराम इन्ट्री हुनेछ। त्यस्तैगरी पुस मसान्तसम्म २०८० सालको कक्षा १० को आवेदन फाराम इन्ट्री, २०८० सालको कक्षा ९ को रजिष्ट्रेसन फाराम इन्ट्री २०८१ को असार मसान्तसम्म, परीक्षा निर्धारण २०८० को माघ पहिलो हप्ता, सिम्बोल नम्बर कायम गर्ने माघ पहिलो हप्ता, परीक्षा केन्द्र इन्ट्री र रुजु माघ मसान्तसम्म, २०८० सालको आन्तरिक/प्रयोगात्मक अंक फागुन मसान्तसम्म पठाउने तालिका बनाएको छ। पुरक परीक्षा २०८१ को साउन तेस्रो हप्तामा सञ्चालन हुने जनाएको छ। कार्यातालिका अनुसार यो वर्ष विद्यार्थीको उत्तर

*बांकी पृष्ठ २ मा।*

## भारतविरुद्ध नेपाली खेलाडीले प्रत्येक छक्काको २० हजार, शतकको ५ लाख पाउने



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १५ असोज**

चीनमा जारी १९औं एसियन गेम्सको पुरुष क्रिकेटमा नेपालले मंगलबार भारतको सामाना गर्दैछ। क्वार्टरफाइनलको यो खेल बिहान ६:४५ बजे सुरु हुनेछ। भारतविरुद्धको खेलमा नेपाली खेलाडीको हौसला बढाउन 'टिम ११' नगदपुरस्कारको घोषणा गरेको छ। 'टिम ११'ले भारतविरुद्धको खेलमा नेपाली खेलाडीले प्रहार गर्ने प्रत्येक चौका बराबर १० हजार रुपैयाँ दिने घोषणा गरेको छ। यस्तै, उसले प्रत्येक छक्काको २० हजर रुपैयाँ दिने घोषणा गरेको छ भने अधर्शक बनाउने खेलाडीले १ लाख रुपैयाँ पाउने छन्। भारतविरुद्ध शतक बनाए, ती खेलाडीले ५ लाख रुपैयाँ पाउने 'टिम ११'ले जनाएको छ। उसले बलिङमा प्रत्येक विकेटको २० हजार रुपैयाँ दिने घोषणा गरेको छ। ह्याट्रिक लिए २ लाख ५१ हजार तथा ४ विकेट लिए ३ लाख रुपैयाँ दिने घोषणा गरेको छ। यस्तै, टिम ११ले भारतलाई हराए नेपाली टिमलाई १० लाख रुपैयाँ दिने घोषणा गरेको छ।

## सर्वोच्चको फैसलाले नेपालमा धार्मिक सद्भाव विगार्ने तथा ईस्लाम धर्म प्रतिको अपमान भएको मुस्लिम अगुवाहरुको आपत्ति



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ असोज**

मुस्लिम समुदायमा प्रचलित 'तीन तलाक'लाई सर्वोच्च अदालतले कानूनी मान्यता नदिएपछि मुस्लिम अगुवाहरुले आपत्ति जनाएका छन्। सर्वोच्चको फैसलाले नेपालमा धार्मिक सद्भाव विगार्ने तथा ईस्लाम धर्म प्रतिको अपमान भएको मुस्लिमहरुका अगुवाहरुले जनाएका छन्। जनकपुरधाममा सोमबार पत्रकार सम्मेलनको आयोजना गरी काजिये नेपालका प्रमुख मोहम्मद उसमान वरकातीले तीन तलाक आफूहरुले ईस्लामिक कानूनको परिवर्तन नहुने विषय भएको दावी गर्दै यस फैसला प्रति अदालत तथा नेपाल सरकारको ध्यानाकर्षण गरेका छन्। वरकातीले यसमा पुनः विचार नभएको खण्डमा थप हिंसा हुने खतरा रहेको दावी गरे। सर्वोच्चको यस फैसलाले ईस्लामिक कानूनको अपमान गर्ने काम भएको बताउदै यसले सामाजिक अमन चयन तथा धार्मिक स्वतन्त्रता माथि हस्तक्षेप गर्ने काम गरेको टिप्पणी गरे। उनले महिलाहरुलाई पनि समस्या भएको खण्डमा तथा पतिवाट हिंसा भएको खण्डमा काजी मार्फत तलक हुने व्यवस्था ईस्लामिक कानूनमा रहेको बताए। काजीय नेपालले नेपाली समुदायको बीचमा घृणा फैलाउने तथा धार्मिक सद्भाव भडकाउने र धार्मिक द्वन्द बढाउने प्रयास भएको बताउदै यस्तो गलत हुन नदिनका लागि सवै पक्ष सचेत रहनु पर्ने धारणा राखे। मुस्लिम धर्मका अगुवाहरुले शदिऔं देखि स्थापित

*बांकी पृष्ठ २ मा।*

## जनकपुरधाममा यसवर्ष पनि विजयादशमी धुमधाम सित मनाइने



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ असोज**

जनकपुरधाममा यसवर्ष पनि विजयादशमी भव्यतापूर्वक मनाइने भएको छ। हिन्दुधर्मावलम्बीको महान चाँड विजयदशमी भव्यतासाथ मनाउने विषयमा सर्वपक्षीय सहमति भएको हो।

*बांकी पृष्ठ २ मा।*







# वासुदेव उच्च मावि धनौजीमा अनिश्चितकालीन तालाबन्दी



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ असोज**

धनुषाको धनौजी गाउँपालिका-५स्थित वासुदेव उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरु तत्काल शिक्षक अभावको समस्या समाधान गर्नु माग गर्दै आन्दोलित भएका छन् । पटक-पटक प्रधानाध्यापक रहमतुल्ला मंसुरी राइनलाई शिक्षक अभावको कारण पठन पाठनमा समस्या भएको जानकारी गराउँदा पनि कुनै सुनुवाई नभएपछि विद्यार्थीहरुले आइतबारदेखि विद्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन् । कम्तिमा १८ वटा शिक्षक अनिवार्य रुपमा हुनु पर्ने माग विद्यार्थीहरु अघि सारेका छन् । शिक्षकको तत्काल दरबन्दी गरिनु पर्ने एक सुत्रीय माग राखि विद्यार्थीहरुले आइतवार बिहान विद्यालयको प्रशासन तथा प्रधानाध्यापकको कक्षमा तालाबन्दी गर्दै अनिश्चितकालीन विद्यालय बन्दको आह्वान गरेका छन् । शिक्षकको अभावमा पठन-पाठन अवरुद्ध भएको लामो समय बितिसक्दा पनि शिक्षक आपूर्ति गर्न कुनै पक्षले चासो नदिएछि बाध्य भएर आफूहरु तालाबन्दी गर्न बाध्य भएको विद्यार्थीहरुले बताए । पटक पटक शिक्षक अभाव बारे वडा अध्यक्ष वाकुम कवाडीलाई जानकारी गराउँदा पनि कुनै चासो नलिएको भन्दै सयौंको संख्यामा रहेका विद्यार्थीहरुले धनौजी गाउँपालिका -५ बहुअर्वाको कार्यालयमा समेत तालाबन्दी गरेका थिए । सो तालाबन्दी एक घण्टा पछाडि नै तोडिएको बुझिएको छ ।

गत आर्थिक वर्षको माघ महिनादेखि विद्यालय व्यवस्थापन समिति विहीन बनेको २०१२ सालमै स्थापित यो विद्यालयको ३६ बिघा भन्दा बढी जग्गा रहेको छ । विद्यालयमा विज्ञान,सामजिक लगायतको शिक्षकको अभाव रहेको देखिएको छ । यता विद्यालयका कार्यकारी प्रधानाध्यापक शान्त दाहालले विद्यार्थीहरु माग जायज रहेको भन्दै सरोकारवालाहरुको मौनता प्रति खिन्नता व्यक्त गरेका छन् । व्यवस्थापन समितिको चुनाव तत्काल गराई विद्यालयको समग्र विकासकालागि बाटो खोलिनु पर्ने र यसमा सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा समेत राखे । सोही विद्यालयबाट अध्ययन गरेका विद्यार्थी तथा वर्तमान शिक्षक संजय साहले आफु पढेको बेलाको अवस्था भन्दा पनि अहिलेको अवस्था दयनीय बनेको दुखेसो पोखे । विद्यार्थीको संख्याको अनुपातमा विद्यालयको भौत्तिक संरचनालगायतको विकास नभएको बताउँदै उनले भने,'अहिलेकै अवस्थाको कुरा गने हो भने यहाँको कक्षाहरुलाई सेक्सनमा विभाजन गर्नु पर्ने अवस्था छ तर हामीले जनशक्ति अभावमा दुईटा कक्षालाई एउटैमा राख्नु पर्ने बाध्यता छ।' विद्यार्थीहरुको मागलाई जायज बताउँदै प्रधानाध्यापक रहमतुल्ला मंसुरी राइन विद्यालय बाहिर रहेको जानकारी दिए । उनी फिर्ता आएपछि मात्रै आधिकारिक रुपमा केहि भन्न सकिने उनले स्पष्ट पारे । यता धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साहले विद्यार्थीहरुको आन्दोलन जायज रहेको बताए ।

*सर्वोच्चको फैसलाले ...........*

भएको धार्मिक तथा सांस्कृतिक सद्भावलाई कायम गर्नका लागि आग्रह गरे । उनले परम्परादेखि मुस्लिमहरुले तीन तलाकलाई महत्वपूर्ण मानेकाले यसका विरुद्धमा कुनै कदम उठाउन नहुने बताए । आफूहरुले धर्मले नै यसलाई मान्यता दिदै आएकाले यसको खिलाफमा कुनै कानून बनाउन नहुने बताए । सर्वोच्चका न्यायाधीशद्वय टंकबहादुर मोक्तान र हरिप्रसाद फुयालको संयुक्त इजलासले २०७९ चैत २६ गते गरेको फैसलाको पूर्णपाठ अघिमात्रै सार्वजनिक भएको हो ।

*जनकपुरधाममा .........*

माँ राजदेवी, माँ बौद्धी तथा माँ अन्नपुर्णा अमरखाना मन्दिरमा हुने पुजा तथा बोकाबलीको व्यवस्थापनको विषयमा सोमवार सर्वपक्षीय छलफल भएको हो ।

*२०८० को एसईइ.........*

पुस्तिका परीक्षण तथा सम्परीक्षण २०८१ वैशाख/जेठमा प्रदेश परीक्षण केन्द्रले गर्नेछ । तर, संसदमा पेश भएको 'विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा भने एसईई नहुने व्यवस्था गरिएको छ ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

**जलेश्वर टुडे**

Jaleshwor Today Daily



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

## जीतको शुभकामना

१९औं एसियन गेम्स क्रिकेट खेल भोलि नेपाल र भारत बीच हुने भएको छ । अहिले सम्म नेपालले भारतसँग खेल्ने खेल दोस्रो हो भने १९औं एसियन गेम्स क्रिकेट खेल पहिलो हो । यस खेलमा अहिलेसम्म नेपालका खेलाडीहरुले विश्व रेकर्ड कायम गरेका छन् । अहिले हाम्रा नेपाली खेलाडीहरु विश्वमै चर्चा बटुल्न सफल रहेको देखिन्छ । नेपाल अहिले राम्रो तयारीका साथ बलियो हौसलाका साथ आफ्ना दमदार प्रस्तुती दिइरहेका छन् । अहिले विश्वका सबै खेलाडीहरु नेपालका खेलाडीहरुसँग सामना गर्न अप्ठ्यारो महसुस गरिरहेका छन् । त्यसकारण नेपाली खेलाडीहरुका लागि यही सहि मौका र समय हो जसबाट नेपालले भारतसँग पहिलो पटकको खेलमा हारे पनि अहिले आफ्नो गल्ती वा अनुभवलाई साकारात्मक तरिकाले जीतमा रुपान्तरण गर्न सक्छ । नेपाली खेलाडीहरुमा आत्मबल तथा धैर्यता अटुट देखिन्छ । त्यसकारण नेपाली खेलाडीहरुलाई मंगलबारको खेलमा जीतको अग्रीम शुभकामना छ ।


विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरे चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरु :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

**आखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**रामनगर गाउँपालिकाको कार्यालय, सर्लाही**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला

वृष: अनावश्यक खर्चको संभावना

मिथून: मनमा पछुतो आउने

कर्कट: लामो यात्राको योग छ

सिंह: पढाईमा ध्यान दिनुपर्ने

कन्या: आम्दानी हुने

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: खानपानमा समस्या आउने

धनु: मित्रतामा फाटो आउने

मकर: अनावश्यक चिन्ता

कूम्भ: पिछडेको साथी मिल्ने

मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम-४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# महन्थ ठाकुर १६ वर्षदेखि सदाबहार अध्यक्ष, नेतृत्व परिवर्तन कहिले ?

महन्थ ठाकुर तमलोपा, राजपा, जसपा हुँदै अहिले लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष छन्। तमलोपा हुँदै विभिन्न दलसँग एकीकरण गर्दै भत्काउँदै लोसपासम्म पुगेका महन्थ ठाकुर पार्टीका सदाबहार अध्यक्षजस्तै भएका छन्। पार्टीमा अझै उनको विकल्प छैन।

२०६५ देखि हालसम्म संसदमा मात्र होइन, सरकारमा पनि सम्मानजनक उपस्थिति देखाउँदै आएको तत्कालीन तमलोपा अर्थात् लोसपाका अध्यक्ष महन्थ ठाकुरले एक पटकमात्र महाधिवेशन गर्न सकेका छन्। २०७१ मा नवलपरासीमा भएको महाधिवेशनबाट ठाकुर नै अध्यक्ष भएका थिए। त्यस यता पार्टीको महाधिवेशन नै भएको छैन। पटक पटक महाधिवेशनका लागि मिति तय गरे पनि कुनै न कुनै बहानामा त्यो टर्थ्यो। निर्वाचन आयोगमा पनि पटक पटक महाधिवेशनका लागि म्याद थपिएको हो। पार्टीका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले एउटा जीवन्त पार्टीका लागि महाधिवेशन निकै महत्त्वपूर्ण कुरा भए पनि त्यसबाहेक कानुनी रुपमा निर्वाचन आयोगमा पार्टी अध्यावधिक गराउन पनि महाधिवेशन अपरिहार्य रहेको बताए। 'लोसपा गठन भएको दुई वर्ष भएको छ। पाँच वर्षभित्र महाधिवेशन गर्ने प्रावधान छ,' सोनलले भने, 'त्यसको पनि तयारी बिस्तारै सुरु हुन्छ।' विगतमा विभिन्न दलसँग एकीकरण, समायोजनका कारण तोकिएको समयमा महाधिवेशन नभएको प्रस्ट पार्दै उनले तर अब त्यस्तो नहुने बताए। पार्टीमा छलफल गरेर महाधिवेशनको मिति तय हुने उनले प्रस्ट पारे। लोसपाको पदाधिकारीसहित कार्यसमिति सदस्यको नामावली हालै सार्वजनिक भएको छ। पार्टीको पदाधिकारी बैठक मंगलबारका लागि बोलाइएको छ। पदाधिकारी बैठकले पनि पार्टीलाई एउटा दिशा निर्देश दिने विश्वास लिएको बताउँदै सोनलले पार्टीको सक्रियता अब बढ्ने दाबी गरे।

**महन्थ ठाकुरको इच्छा**

पार्टीमा महन्थ ठाकुरलाई अध्यक्षबाट विश्राम लिन दबाब नपरेको होइन, तर उनी अध्यक्षबाट हट्ने मनस्थितिमा छैनन्। अध्यक्ष ठाकुरको उमेर र स्वास्थ्यले त्यति साथ दिइरहेको छैन। त्यसैले अध्यक्षको अभिभावकीय भूमिकामा रहेर कार्यकारी अध्यक्ष अरु कसैलाई दिने कि भनेर उनीसमक्ष पटकपटक प्रस्ताव गरिए पनि उनले कहिल्यै त्यो प्रस्तावलाई स्वीकार गरेनन्। नेपाली कांग्रेसबाट विद्रोह गरेर मधेस आन्दोलन चलिरहेकै बेला महन्थ ठाकुरले २०६४ वैशाख १० गते तमलोपा गठन गरेका थिए। अध्यक्ष ठाकुरले उपेन्द्र यादवजस्तै विभिन्न दलसँग एकीकरण गर्दै, विधान फेर्दै आइरहेका छन्। १६ वर्षदेखि पार्टीको नेतृत्वमा रहँदै आएका उनले नेतृत्व हस्तान्तरण गर्ने छाँटकाँट अझै देखाएका छैनन्। पार्टीका महासचिव प्रमेश्वर साहले भने, '२०७१ मा तत्कालीन तमलोपाको महाधिवेशन नवलपरासीमा भएको थियो। महाधिवेशनपछि २०७२ मा मधेस आन्दोलन सुरु भयो। मधेस आन्दोलनपछि २०७४ मा विभिन्न पार्टी मिलेर राजपा बन्यो। त्यसपछि २०७७ मा समाजवादी पार्टीसँग एकीकरण गरेर जसपा बनेको थियो। २०७८ मा विभाजन भएर लोसपा बनेको पनि दुई वर्ष बितेको छ, महाधिवेशन गराउने समय अझै तीन वर्ष बाँकी छ। यो बिचमा महाधिवेशन हुन्छ।' २०७४ वैशाख ७ गते महेन्द्रराय यादव नेतृत्वको तत्कालीन तराई मधेस सद्भावना पार्टी, शरतसिंह भण्डारी नेतृत्वको तत्कालीन राष्ट्रिय मधेस समाजवादी पार्टी, राजेन्द्र महतो नेतृत्वको तत्कालीन सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरम नेपाल र अनिल झा नेतृत्वको तत्कालीन संघीय सद्भावना पार्टीबिच एकीकरण भइ राष्ट्रिय जनता पार्टी नेपाल गठन भएको थियो। सो पार्टीमा महन्थ ठाकुर, राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिलकुमार झा, राजकिशोर यादव र महेन्द्र राय यादवसहितको एउटा अध्यक्षमण्डल बनाइएको थियो।

**महाधिवेशन स्थगित**

दुई दुई महिनामा अध्यक्षमण्डलको संयोजक रहने चक्रीय प्रणालीमा पार्टी सञ्चालन गरियो। तत्कालीन राजपा नेपालको विधान २०७४ मा एक वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने उल्लेख थियो। एक वर्षभित्र महाधिवेशन त हुन सकेन, अलमलमै तीन वर्ष बित्यो। यहाँसम्म कि तत्कालीन राजपाले महाधिवेशनको मिति सार्नका लागि दुई पटक आफ्नो विधान नै संशोधन गऱ्यो। २०७५ वैशाखमा पहिलो पटक एकीकरण भएको दुई वर्षभित्र महाधिवेशन गर्ने निर्णय गरी विधान सच्याएर निर्वाचन आयोगलाई बुझाइएको थियो। त्यो अवधिमा पनि महाधिवेशन गराउन सकेन। अनि २०७६ वैशाखमा दोस्रो पटक विधान संशोधन गरेर एकीकरण भएको तीन वर्षभित्र महाधिवेशन गरिसक्ने उल्लेख गरेर सोही सालको असार २९ गते आयोगलाई बुझायो तर तीन वर्षको अवधिमा तीन पटक महाधिवेशनको मिति सार्दा पनि महाधिवेशन गराउन सकेन। त्यो तीन वर्षको अवधिमा एकता महाधिवेशनका लागि तत्कालीन राजपा नेपालले विभिन्न मिति तय गरेको थियो। तर सो पार्टीभित्र आन्तरिक विवाद बढेकाले तोकिएको मितिमा महाधिवेशन हुन सकेन। तत्कालीन राजपाले २०७६ वैशाख ७-९ मा महाधिवेशन गर्ने निर्णय गरेको थियो। तर त्यो मितिमा महाधिवेशन हुन सकेन। त्यसपछि २०७६ वैशाख १३ गते पत्रकार सम्मेलन गरेर तत्कालीन राजपाले २०७६ कात्तिक २८ गतेदेखि ३० गतेसम्म महाधिवेशन गर्ने जानकारी गराएको थियो। त्यसका लागि तत्कालीन अध्यक्षमण्डल सदस्य महन्थ ठाकुरको संयोजकत्वमा केन्द्रीय कार्यसमितिका सबै सदस्य रहने गरी महाधिवेशन मूल आयोजक समिति र उनकै संयोजकत्वमा सबै पदाधिकारी सम्मिलित महाधिवेशन तयारी समितिसमेत गठन गरिएको थियो। महाधिवेशन सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संयोजक ठाकुरलाई नै दिइएको थियो। यस्तै लक्ष्मणलाल कर्णको संयोजकत्वमा विधान मस्यौदा समितिसमेत गठन गरिएको थियो। त्यस अवधिमा पार्टी समायोजनको काम सकाएर प्रदेश, जिल्ला, पालिका यहाँसम्म कि वडासम्म अधिवेशन सम्पन्न गर्ने मितिसमेत तय गरिसकेको थियो। तर पार्टीभित्र अध्यक्ष मण्डलका सदस्य ६ जनाको बिचमा बढेको विवादका कारण समायोजनको काम नै अगाडि बढ्न सकेन बरु नेताहरुले जिल्ला जिल्लामा समान्तर कमिटी समेत बनाउन थाले। त्यही विवादका कारण कात्तिक २८ गतेका लागि तोकिएको महाधिवेशन हुन सकेन।



*सांभारः रातोपाटी।*

## बिमालेख हरायो

घरबाट जलेश्वर जाने क्रममा तपसिल बमोजिमको एल.आई.सी.नेपाल लि.को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको शाखा कार्यालयमा बुझाई सहयोग गरिदिन अनुरोध छ।

**तपसिल**

नाम : रमिना खातुन
ठेगानाः जलेश्वर नगरपालिका–४, सुगा भवानीपट्टी
बिमालेख : १७००२१५५४





कौडेना गाउँपालिकाको कार्यालय, सर्लाही



विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने।
- आँखा धेरै चिलाउने।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने।
- आँखाबाट आँसु बगिरहने।
- आँखा सुन्निने, दुख्ने/बिझाउने।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरु :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने।
- सफा पानीले आँखा सफा गर्ने।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने।

**आखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने।
- कालो चस्माको प्रयोग गर्ने।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ।

बसबरिया गाउँपालिकाको कार्यालय, सर्लाही


# एमाले कोशी प्रदेशको अध्यक्षमा खतिवडाको अग्रता



जलेश्वरटुडे समाचारदाता
विराटनगर, १५ असोज

नेकपा एमाले कोशी प्रदेश अध्यक्षका लागि भएको निर्वाचनमा घनश्याम खतिवडाले अग्रता लिएका छन्। पछिल्लो मतपरिणाम अनुसार खतिवडाले २० मतको अग्रता लिएका हुन्।

खतिवडाले १४१ मत पाएका छन्। अर्का उम्मेदवार विनोद ढकालले १२१ मत पाएका छन्। ल मतपत्र ११ पेज लामो भएका कारण गणनामा ढिलो भइरहेको छ। २१५ सदस्यीय प्रदेश कमिटीमा अध्यक्षसहित १६६ पदका लागि निर्वाचन भएको थियो। उपाध्यक्षसहित ४९ जना सदस्य निर्विरोध निर्वाचित भएका थिए। आइतबार राति भएको निर्वाचनमा ९९७ प्रतिनिधि मध्ये ९७७ जनाले मतदान गरेका थिए।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday